# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## कृषि शाखा
## मैजुहिटि, काठमाण्डौ

पत्र सख्या : २०७७/०७८ | वागमती प्रदेश, नेपाल ।
चलानी नं. २६ | मितिः २०७७/०९/०७

श्री ११ वटा वडा कार्यालयहरु
टोखा नगरपालिका काठमाण्डौ ।

**बिषयः सूचना टाँस गरी जानकारी पठाई दिने सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिका कृषि शाखाको आ.व. ०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन गर्नु पर्ने कार्यक्रमहरुको आवेदन पेश गर्ने बारेको सुचना पाना १ यसै पत्र साथ संलग्न गरि पठाईएको छ । प्राप्त भएपछि सूचना पाटीमा टाँस गरि जानकारी पठाई दिनु हुन अनुरोध छ ।

सुमित्रा पाठक
शाखा प्रमुख

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि शाखा
मैजुहिटी, काठमाण्डौं।

वागमती प्रदेश,
मितिः २०७७/०९/०७

पत्र संख्याः ०७७/०७८
च. न.

## सूचना ।।       सूचना ।।       सूचना ।।

प्रस्तुत् विषयमा टोखा नगरपालिका कृषि शाखाको आ. व.०७७/०७८ को शसर्त तर्फको वार्षिक स्वीकृत कार्यक्रम **"नयाँ वहुउदेशिय नर्सरी स्थापना कार्यक्रम"** टोखा नगरपालिका भित्र संचालन गर्नको लागि तपशिल अनुसारका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस नगरपालिकाको कृषि शाखामा सम्पर्क गर्नु हुन सम्पुर्ण कृषक/ कृषक समुह/ कृषि सहकारी/ निजि फर्म र दर्ता भएका फलफूल नर्सरी धनीहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ साथै म्याद भित्र पर्न नआएका तथा रितपुर्वक नपरेका निवेदन उपर कुनै कारवाही गरिने छैन, निवेदनको आधारमा कार्यक्रम संचालन वितरण गरीने व्यहोरा समेत सम्वन्धित सवैमा अनुरोध छ ।

**संचालन हुने कार्यक्रमहरुः**

१ नयाँ वहुउदेशिय नर्सरी स्थापना कार्यक्रम ।

**निवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. कार्यक्रम मागको निवेदन ।
२. सम्वन्धित निकायमा कृषक समुह/ कृषि सहकारी/ संस्था/ समिति/ कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि/ प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको भाडा सम्झौता पत्रको प्रतिलिपि ।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
५. नर्सरीको क्षेत्रफल प्लाष्टिक घर वा नेट हाउस भित्र भए कम्तीमा २ रोपनी र खुल्ला जमिनमा भए कम्तीमा ५ रोपनी क्षेत्रफलमा हुनु पर्ने छ ।
६. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७. नयाँ स्थापित नर्सरी तथा क्षमता अभिबृद्धि गरिएको नर्सरीको हकमा वार्षिक रुपमा कम्तीमा क्रमशः १०००० देखि १५००० गुणस्तरीय फलफूल विरुवा उप्पादन गर्ने क्षमता भएको हुनु पर्ने छ ।
८. नर्सरी सम्वन्धि तालिम लिएको भएमा प्रमाण पत्रको प्रतिलिपि ।

**विस्तृत् जानकारीका लागि टोखा नगरपालिका , कृषि शाखामा सम्पर्क राख्नुहोला ।**
**सम्पर्क नम्बरः ०१४३८६९१५/ ९८४१०१५१७५/ ९८४३१८४१६७/ ९८४२९७३७४५**

सुमित्रा पाठक
शाखा प्रमुख

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि शाखा
मैजुहिटी, काठमाण्डौं।

वागमती प्रदेश,
मितिः २०७७/०९/०७

पत्र संख्याः ०७७/०७८
च. न.

सूचना ।।    सूचना ।।    सूचना ।।

प्रस्तुत् विषयमा टोखा नगरपालिका कृषि शाखाको आ. व. ०७७/०७८ को शसर्त तर्फको वार्षिक स्वीकृत कार्यक्रम फलफुल दशक अन्तर्गत **स्थानिय तहमा हिउँदे फलफुल विरुवा रोपण अभियान कार्यक्रम (५० % अनुदानमा** संचालन गरिने भएकोले ईच्छुक व्यवसायिक कृषक/कृषक समुह तथा सहकारीहरु/स्थानिय युवा क्लवहरु/स्थानिय उपभोता समिति /निजी कृषि फर्म /भूमिहीन कृषक/करार खेति/विदेशबाट फर्केका यूवाहरु/प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा सूचीकृत भएका यूवाहरु/ कम्पनी तथा अन्य संघसंस्थाहरु/ संघ, प्रदेश तथा स्थानीय तहबाट संचालन भएका अन्य विभिन्न कार्यक्रमहरुमा सूचिकृत कृषकहरुबाट तपसिलको विवरणको आधारमा माग संकलन गरिने हुँदा नगरपालिका कृषि शाखामा मितिः २०७७/०९/२१ गतेसम्म (१५ दिन भित्र) आवेदन दिनु हुनको लागि यो सुचना प्रकाशित गरिएको छ साथै म्याद नाघी पर्न आएको निवेदन माथि कुनै कारवाही गरिने छैन, निवेदनको आधारमा फलफुलका विरुवा वितरण गरीने व्यहोरा सम्वन्धित सवैमा जानकारी गराईन्छ ।

तपसिलको विवरणः

| क्र. सं. | विरुवा माग गर्नेको नाम | स्थायी ठेगाना /टोल | उपलब्ध जमिनको क्षेत्रफल | माग गरिएको विरुवाको नाम र संख्या |
|---|---|---|---|---|
| | | | | |

**आवश्यक कागजातहरु:**

१. कार्यक्रम मागको निवेदन ।

२. कृषक समुह तथा सहकारीहरु/ स्थानिय युवा क्लवहरु/ स्थानिय उपभोता समिति / निजी कृषि फर्म / कम्पनी तथा अन्य संघ संस्थाहरु/को दर्ता तथा नविकरण भएको प्रमाण पत्र/ प्यान दर्ताको प्रमाण पत्रको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि ।

**विस्तृत् जानकारीका लागि टोखा नगरपालिका , कृषि शाखामा सम्पर्क राख्नुहोला ।**
**सम्पर्क नम्बरः ०१४३८६९१५/ ९८४१०१५१७५/ ९८४३१८४१६७/ ९८४२९७३७४५**

सुमित्रा पाठक